बैठक संख्याः ६६
मितिः २०७९।०२।२०
स्थानः वडा नं. ३, घाट
समयः साँझको ५:३० बजे

खुम्बु पासाङल्हामू गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ६६ औं बैठक आज मिति २०७९।०२।२० गते देहायका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

**उपस्थिति**

१ अध्यक्ष श्री मिङमा छिरी शेर्पा

२ उपाध्यक्ष श्री टासी ल्हमु शेर्पा

३ कार्यपालिका सदस्य श्री आङ फूर्वा शेर्पा

४ कार्यपालिका सदस्य श्री लक्ष्मण अधिकारी

५ कार्यपालिका सदस्य श्री नुरु जाङबु शेर्पा

६ कार्यपालिका सदस्य श्री पासाङ ग्याल्जेन शेर्पा

७ कार्यपालिका सदस्य श्री फुनुरु शेर्पा

८ कार्यपालिका सदस्य श्री ल्हाक्पा छिरी शेर्पा

९ कार्यपालिका सदस्य श्री आङ माया शेर्पा

१० कार्यपालिका सदस्य श्री ङिमा याङजिन शेर्पा

११ कार्यपालिका सदस्य श्री उमा बराईली

१२ कार्यपालिका सदस्य श्री ल्हाक्पा ग्याल्जेन शेर्पा

१३ कार्यपालिका सदस्य श्री पासाङ डोमा शेर्पा

१४ प्रमुख प्रशासकीय अधिकृत श्री मोहन प्रसाद चापागाईं

१५ प्रशासकीय अधिकृत श्री सुजन कुमार बुढाथोकी

१६ लेखा अधिकृत श्री चेतनाथ कटेल

१७ सव ईञ्जिनियर श्री दिपकुमार बस्नेत

१८ प्रशासनिक कर्मचारी श्री छत्रबहादुर खड्का

**निर्णयहरु**

**निर्णय नं. १**

मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन तथा मिति २०७९ जेठ १४ गते सम्पन्न कार्यपालिका निर्वाचन निष्पक्ष, भयरहित, धाँधलीरहित वातवावरणमा सम्पन्न गर्न सहयोग र समन्वय गर्नु हुने निर्वाचन अधिकृत श्री हरिप्रसाद आचार्य तथा सम्पूर्ण कर्मचारीहरु, खुम्बु पासाङल्हामु गाउँपालिकाका पूर्व कार्यपालिका परिवार तथा सम्पूर्ण जनप्रतिनिधीज्यूहरु, खुम्बु पासाङल्हामु  गाउँपालिकाको पूर्व सल्लाहाकार समिति, निर्वाचनमा खटिएका खुम्बु पासाङल्हामू गाउँपालिका तथा गाउँपालिका स्थित सरकारी तथा गैरसरकारी कर्मचारीहरु, शिक्षक, सुरक्षाकर्मी, स्थानीय राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण गाउँपालिकाबासीहरुलाई हार्दिक धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने, राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने, कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने र राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने कार्यहरु गर्न देहाय अनुसारको राजश्व परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) गाउँपालिकाका उपाध्यक्ष | - संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ग) श्री आङ फूर्वा शेर्पा | - सदस्य |
| घ) श्री  ङिमा याङजिन शेर्पा | - सदस्य |
| ङ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | |
| (च) राजस्व शाखा प्रमुख | - सदस्य सचिव |

**निर्णय नं. ३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ अनुसार आन्तरिक आय, राजस्व बाडफाँटबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,  आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने,  विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरू गर्न देहाय अनुसारको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) गाउँपालिकाका अध्यक्ष | - संयोजक |
| (ख) गाउँपालिकाका उपाध्यक्ष | - सदस्य |
| (ग) कार्यपालिका सदस्य श्री फुनुरु शेर्पा | - सदस्य |
| (घ) कार्यपालिका सदस्य श्री उमा बराईली | - सदस्य |
| (ङ) कार्यपालिका सदस्य श्री लक्ष्मण अधिकारी | - सदस्य |
| (च) कार्यपालिका सदस्य श्री पासाङ ग्याल्जेन शेर्पा | - सदस्य |
| (छ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

**निर्णय नं. ४**

विषयगत शाखाबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रगत रूपमा छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्न देहाय बमोजिमको विषयगत समितिहरु गठन गर्ने निर्णय गरियो ।

**(क) आर्थिक विकास समिति**

(क) श्री नुरु जाङबु शेर्पा - संयोजक
(ख) श्री आङ माया शेर्पा - सदस्य
(ग) श्री लक्ष्मण अधिकारी - सदस्य
(ग) सम्बन्धित क्षेत्रका विषयगत शाखा प्रमुख - सदस्य
(घ) कार्यपालिकाले तोकेको सम्बन्धित महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

**(ख) सामाजिक विकास समिति**

(क) श्री ल्हाक्पा छिरी शेर्पा - संयोजक
(ख) श्री ल्हाक्पा गेल्जेन शेर्पा - सदस्य
(ग) श्री पासाङ डोमा शेर्पा - सदस्य
(घ) शिक्षा शाखा प्रमुख - सदस्य
(ङ)स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**(ग) पूर्वाधार विकास समिति**

(क) श्री लक्ष्मण अधिकारी - संयोजक
(ख) श्री फुनुरु शेर्पा - सदस्य
(ग) श्री उमा बराईली - सदस्य
(घ) योजना शाखा प्रमुख - सदस्य
(ङ) प्राविधिक शाखा प्रमुख - सदस्य सचिव

**(घ) वातावरण तथा विपद् व्यवस्थापन समिति**

(क) श्री पासाङ ग्याल्जेन शेर्पा - संयोजक
ख) श्री लक्ष्मण अधिकारी - सदस्य
(ग) श्री ल्हाक्पा गेल्जेन शेर्पा - सदस्य
(घ) योजना शाखा प्रमुख - सदस्य
(ङ) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख - सदस्य सचिव

**(ङ) संस्थागत विकास र सुशासन समिति**

(क) श्री ल्हाक्पा गेल्जेन शेर्पा - संयोजक
(ख) श्री फुनुरु शेर्पा - सदस्य
(ग) श्री ङिमा याङजिन शेर्पा - सदस्य
(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
(ङ) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

**निर्णय नं. ५**

गाउँपालिकाबाट निर्माण हुने नीति, नियम तथा कानूनहरुलाई अद्यावधिक गर्न देहाय अनुसारको विधायन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (क) | श्री ल्हाक्पा गेल्जेन शेर्पा | - संयोजक |
| (ख) | श्री ल्हाक्पा छिरी शेर्पा | - सदस्य |
| (ग) | श्री आङ फूर्वा शेर्पा | - सदस्य |
| (घ) | श्री छत्रबहादुर खड्का | - सदस्य |
| (ङ) | कानुन शाखा प्रमुख | - सदस्य सचिव |

**निर्णय नं. ६**

गाउँपालिकाबाट सञ्चालित आयोजना तथा कार्यक्रमको लागत, परिमाण, समय सीमा र गुणस्तरको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि देहाय अनुसारको गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) गाउँपालिकाका उपाध्यक्ष | - संयोजक |
| (ख) श्री ल्हाक्पा छिरी शेर्पा | - सदस्य |
| (ग) श्री उमा बराईली | - सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ङ) प्रमुख, योजना शाखा | - सदस्य सचिव |

**निर्णय नं. ७**

गाउँपालिकाको वित्तीय शुसाशन कायम राख्दै महालेखापरीक्षकको कार्यालयबाट औंल्याईएका बेरुजुहरुको अध्ययन गरी बेरुजु फछ्र्यौट गर्ने कार्यका लागि देहाय अनुसारको लेखा समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) श्री आङ फूर्वा शेर्पा | - संयोजक |
| ख) श्री फुनुरु शेर्पा | -सदस्य |
| ग) श्री नुरु जाङबु शेर्पा | -सदस्य |

**निर्णय नं. ८**

नेपालको संविधानको धारा २१७ अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४८ अनुसारका कार्यहरु गर्न देहाय अनुसारको न्यायिक समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) श्री टासी ल्हमु शेर्पा | - संयोजक |
| ख) श्री फुनुरु शेर्पा | -सदस्य |
| ग) श्री ल्हाक्पा गेल्जेन शेर्पा | -सदस्य |

**निर्णय नं. ९**

खुम्बु पासाङल्हामु गाउँपालिका शिक्षा नियमावली २०७४ अनुसार यस गाउँपालिकामा देहाय अनुसारको गाउँ शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| ख) श्री टासी ल्हमु शेर्पा | -सदस्य |
| ग) श्री उमा बराईली | -सदस्य |
| घ) श्री ल्हाक्पा गेल्जेन शेर्पा | -सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| च) श्री कुमार सिं राई सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट | -सदस्य |
| छ) श्री पासाङ दावा शेर्पा गुठी वा परम्परागत विद्यालयका प्रधानाध्यापक मध्येबाट | -सदस्य |
| ज) गाउँपालिका स्तरीय अभिभावक संघबाट | -सदस्य |
| झ) शिक्षाप्रेमी, समाजसेवी वा बुद्धिजिवीबाट | -सदस्य |
| ञ) शिक्षा शाखा प्रमुख | -सदस्य सचिव |

**निर्णय नं. १०**
यस गाउँपालिकाको आगामी आर्थिक वर्षको प्रथम गाउँ सभा सम्पन्न गर्न देहाय अनुसारको कार्यतालिका तय गर्ने

| | | |
|---|---|---|
| नीति तथा कार्यक्रम तयार गरी अध्यक्षद्वारा सभामा पेस | जेठ २९ गते | त्रिबर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आंकलन |
| कूल स्रोत तथा खर्च अनुमान, बजेट सीमा निर्धारण, बजेट मार्गदर्शन तयारी, स्वीकृति एबम् शाखा र वडा कार्यालयमा सम्प्रेषण | जेठ ३१ गते | तीन आर्थिक बर्षको बजेट सीमा निर्धारण तथा बाँडफाँट, मार्गदर्शन स्वीकृति एबम् महाशाखा/शाखा र वडा कार्यालयमा सम्प्रेषण |
| गाउँपालिका भित्रका क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट आगामी आ. व. को लागि बजेट, आयोजना तथा कार्यक्रम पेश | असार ६ गते | |
| वस्ती तथा टोल स्तरबाट छनौट भएका आयोजना/ कार्यक्रम समेतको वडा समिति र बिषयगत शाखाबाट योजना/कार्यक्रमको प्राथमिकीकरण | असार ६ गते | बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी तथा बिषयगत समितिमा पेस |
| वडास्तरीय तथा बिषय क्षेत्रको बजेट तथा कार्यक्रमको प्रस्ताब बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस | असार ७ गते | बिषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर सम्बन्धित बिषयगत समितिमा छलफल तथा आबश्यक परिमार्जन सहितको मस्यौदा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस |
| बजेट तथा कार्यक्रमको एकीकृत मस्यौदा तयारी तथा कार्यपालिकामा पेस | असार ९ गते | मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा तयारी तथा कार्यपालिकामा पेस |
| बार्षिक बजेट तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | असार १० गते | मध्यमकालीन खर्च संरचना कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेस |
| बार्षिक बजेट तथा कार्यक्रम उपर सभामा छलफल र अनुमोदन | असार १५ गते भित्र | मध्यमकालीन खर्च संरचना उपर सभामा छलफल तथा सभाबाट अनुमोदन |

**निर्णय नं. ११**
यस गाउँपालिकाको दोस्रो कार्यकालको प्रवक्ता कार्यपालिका सदस्य श्री ल्हाक्पा छिरी शेर्पालाई तोक्ने ।

**निर्णय नं. १२**
खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १ निवासी श्री कर्मा छम्जी शेर्पा पेटको क्यान्सरबाट पिडित भई टिचिङ अस्पतालमा उपचार गराई रहेकाले आर्थिक सहयता पाउँ भनी निवेदन पेश गर्नु भएको हुँदा पहिलो कार्यपालिकाको बैठक निर्णयानुसार विपद व्यवस्थापन कोषबाट उपचार खर्च उपलब्ध गराउने ।

**निर्णय नं. १३**
पहिरोका कारण निम्न पिडितहरुको घर क्षति भएको हुँदा विपद व्यवस्थापन कोषबाट देहाय अनुसारको रकम राहत स्वरुप कार्यविधि अनुसार उपलब्ध गराउने ।
क) वडा नं. ३ का टंक कालिकोटे
ख) वडा नं. ३ का दोर्जी शेर्पा
ग) वडा नं. ३ का वीर बहादुर मगर

**निर्णय नं. १४**
यस कार्यालयले खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ३ निवासी श्री फुनुरु शेर्पाको घर कर्मचारी आवासको रुपमा प्रयोग गर्न भाडामा लिईएकोमा उक्त घरमा किचेन तथा डाइनिङ निर्माण गर्नु पर्ने भएको र उक्त कार्य गर्न प्राविधिक लागत अनुमान रु १,७५,०९३।०० पेश भएको हुँदा उक्त कार्य अमानतबाट गर्न लगाई मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**
खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्र भित्र बसाइ सराइ दर्ता गर्दा देहायका कागजातहरु माग गरी आवश्यक प्रक्रियाहरु अनिवार्य रुपमा पूरा गरेर मात्र बसाइ सराइ दर्ता गर्ने निर्णय गरियो ।

| आवश्यक पर्ने काजजातहरु | सेवा सुविधा प्राप्त गर्ने आवश्यक प्रक्रियाहरु | जिम्मेवार अधिकारी र लाग्ने समय |
|---|---|---|
| १) सूचकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी<br>२) बसाइ सराईको लागत हस्तान्तरण फारमको सक्कल प्रति<br>३) बसाइ सराई जानेको हकमा परिवारका सबै सदस्यहरुको अनलाइनमा सूचना फारम भरेको टोकन नं.हरु<br>४) बसाइ सरी जाने र आउने ठाउँको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी | १) घटना घटेको ३५ दिन भित्र सपरिवारको बसाइ सराइ भए परिवारको मुख्य व्यक्तिले सूचना दिने,<br>२) एकजनाको मात्र बसाइ सराइ भए निजले सूचना दिने | वडा सचिव, लाग्ने समयः सोही दिन |

साथै यस अघि बसाइ सराइ दर्ता भएका लाभग्राहीहरुको हकमा माथि उल्लेखित कागजातहरु यकिन गरी विवरण अद्यावधिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**
यस गाउँपालिकाको आ.ले.प. सहायक पाँचौ दरबन्दी रिक्त रहेकाले चालु आ.व. ०७८।०७९ को सम्पूर्ण खर्च शीर्षकको आ.ले.प. गरिदिन कोष तथा लेखा नियन्त्रक कार्यालय, सोलुखुम्बुलाई अनुरोध गर्ने निर्णय गरियो ।